अल्लाहले हरेक व्यक्तिसँग प्रत्यक्ष संवाद गर्नुहुनेछ, जहाँ उहाँ र व्यक्तिबीच कुनै अनुवादक हुनेछैन।

अदी बिन हातिम (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "अल्लाहले हरेक व्यक्तिसँग प्रत्यक्ष संवाद गर्नुहुनेछ, जहाँ उहाँ
र व्यक्तिबीच कुनै अनुवादक हुनेछैन। व्यक्तिले आफ्नो दायाँतर्फ हेर्नेछ र आफूले (परलोकका लागि) अघि पठाएका कर्महरू बाहेक अरू केही देख्नेछैन। उसले आफ्नो बायाँतर्फ हेर्नेछ र त्यहाँ पनि आफ्ना विगतका कर्महरू बाहेक केही देख्नेछैन। अनि उसले आफ्नो अगाडि हेर्नेछ र आफ्नो मुहारको ठिक सामुन्ने नर्क (जहन्नम) बाहेक केही देख्नेछैन। तसर्थ, खजूरको आधा टुक्रा दान गरेरै भए पनि आफूलाई नर्कको आगोबाट जोगाऊ।"
[सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले बताउनुभएको छ कि कियामत (प्रलय) को दिन प्रत्येक मोमिन अल्लाहको अगाडि एक्लै उपस्थित हुनेछ। त्यस समय अल्लाहले उससँग प्रत्यक्ष संवाद गर्नुहुनेछ र उहाँहरूको बीचमा कुनै अनुवादक वा मध्यस्थकर्ता हुनेछैन। अत्यधिक भयका कारण अगाडि रहेको जहन्नम (नरक) को आगोबाट बच्नका लागि कुनै मार्ग वा उपायको खोजीमा उसले आफ्नो दायाँ र बायाँतर्फ हेर्नेछ। "तर जब उसले आफ्नो दायाँतर्फ हेर्नेछ, उसले केवल आफ्ना सत्कर्महरू (असल कार्यहरू) मात्र देख्नेछ। र जब उसले आफ्नो बायाँतर्फ हेर्नेछ, उसले केवल आफ्ना दुष्कर्महरू (खराब कार्यहरू) मात्र देख्नेछ। र जब उसले आफ्नो अगाडि हेर्नेछ, उसले नर्कको अग्निबाहेक केही देख्ने छैन। ऊ त्यसबाट भाग्न पनि सक्दैन; किनकि उसले अनिवार्य रूपमा ‘सिरात’ (पुल) पार गर्नुपर्ने हुन्छ। त्यसपछि नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: ‘दान र अन्य कल्याणका कर्म गरेर आफू र नर्कको आगोबीच सुरक्षाको ढाल बनाऊ, चाहे त्यो आधा खजुर नै किन नहोस्।

http://sunnah.global/hadeeth/ne/show/6615